# जकात र व्रतबारे दुई संक्षप्त पत्रिका


**लेखक**

**अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज**

**अनुवादकः**

**अतीकुर्रहमान मु.इदरीस खान मक्की**

**संशोधकः**

**मुहम्मद इदरीस सलफी**

# رسالتان موجزتان في الزكاة والصيام


تأليف

عبد العزيز بن عبد الله بن باز

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गऱ्यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवसपूजा र हरामबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती

सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका जकात र व्रतको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज ज्यू हुनुहुन्छ जुन सउदी अरबमा मुफती पनि थिए, उहाँले यस किताबमा विशेषरूपले जकात र व्रतको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस

सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन्। ( आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# पहिलो पत्रिका

## जकातबारे महत्वपूर्ण कुराहरूको सम्बन्धमा

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन एकलो छ, र अल्लाहको दया र प्रशान्ति अवतरित होस् त्यस सन्देष्टामाथि जसपश्चात कुनै दूत आउने छैन, र अल्लाहको नगन्य दया अवतरित होस् उनका घरपरिवार र समस्त साथीहरूमाथि पनि ।

तत्श्चात: यस किताब (पत्रिका) लाई लेख्ने कारण जकात (धर्मदाय) को अनिवार्यताको बारेमा उपदेश र ज्ञान गराउनु हो जसको निष्कासनबारे अधिकांश मुसलमानहरू सुस्तीको शिकार भइसकेका छन् । यसर्थ यसको वैधानिक तौरले ठूलो महत्व हुँदा हुँदै पनि यसलाई विधान अनुकूल निष्कासित गर्दैनन् जसरी कि विधानमा यसको बारेमा आदेश छ । र यो इस्लामका ती महान र विशाल आधारहरूमध्ये एक हो जसमाथि इस्लाम आधारित छ, रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन अनुसार:

((بني الإسلام على خمس : شهادة أن لا إله إلا الله ، وأن محمدا رسول الله ، وإقام الصلاة ، وإيتاء الزكاة ، وحج البيت ، وصوم رمضان)) ( رواه البخاري ومسلم )

अर्थ : इस्लामको जग पाँच कुराहरूमाथि आधारित छः लाइलाहा इल्लल्लाह एवं मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु (साक्ष्य बस्नु), र नमाज कायम गर्नु, र धर्मदाय दिदैरहनु, र बैतुल्लाहको हज्ज गर्नु, र रमजान महिनाको व्रत बस्नु । (बुखारी, मुस्लिम)

र मुसलमानहरूमाथि धर्मदायको अनिवार्यता इस्लामका विशाल विशेषताहरूमध्ये एक हो जसद्वारा यस इस्लामलाई मान्नेहरूको हितमा खर्च गरिन्छ, र दरिद्रहरूको आवश्यकताहरूलाई पूर्ण गरिन्छ । र यसका अरु अनेकौं लाभहरू छन् जसमध्ये केही निम्न हुन्:

यसका लाभहरूमध्ये यो पनि हो कि यसद्वारा समृद्ध र निरधनबीच प्रेमको उत्पात हुन्छ, किनकि प्रकृतिक तौरले हृदयहरू त्यससित प्रेम गर्नथाल्छन् जुन उनीमाथि परोपकार गर्दछ ।

र यसको लाभमध्ये यो पनि हो कि यसद्वारा जीउलाई र आत्मा एवं हृदयलाई स्वच्छ पारिन्छ, र त्यसलाई कञ्जूसीयायी जस्तो अवगुणबाट पवित्र गरिन्छ, जस्तो कि यसतर्फ कुरआनले संकेत गरेको छ । अल्लाहको फर्मान छः

﴿ خُذۡ مِنۡ أَمۡوَٰلِهِمۡ صَدَقَةٗ تُطَهِّرُهُمۡ وَتُزَكِّيهِم بِهَا ﴾

التوبة: ١٠٣

अर्थ : तिनीहरूको सम्पत्तिबाट तपाईंले सदका (धर्मदाय) लिनुस् जसबाट तिनीहरूलाई तपाईंले शुद्ध र पवित्र गरिदिनुस् । (सूरतुत्तौबः १०३)

र यसको लाभहरूमध्ये यो पनि हो कि यसद्वारा मुसलमान मान्छेभित्र आवश्यकता भएका मानिसहरूको लागि उदारता, नम्रता, र दयाको बानी बसालिन्छ। र यसद्वारा धन सम्पत्तिमा कल्याण र वृद्धि ल्याइन्छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَآ أَنفَقۡتُم مِّن شَيۡءٖ فَهُوَ يُخۡلِفُهُۥۖ وَهُوَ خَيۡرُ ٱلرَّٰزِقِينَ ٣٩ ﴾ سبأ: ٣٩

अर्थ : र जेजति तिमीले अल्लाहको बाटोमा खर्च गऱ्यौ, त्यसको सट्टा तिमीलाई पूरापूर प्रतिफल दिनेछ । र ऊ सबैभन्दा राम्रो जीविका दिनेवाला हो । ( सूरतु सबा ३९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सही हदीसमा भनाई छ कि अल्लाहको कथन छ कि:

((يا ابن آدم أنفق ننفق عليك)) (بخاري:5352, مسلم:993 )

अर्थ : हे आदमको सन्तान अरुमाथि खर्च गर हामी तिमीमाथि खर्च गर्नेछौं । ( बुखारी हदीस नं. ५३५२, र मुस्लिम हदीस नं. ९९३ )

र यस बाहेक यसका अनेकौं लाभहरू छन् ।

र त्यस मान्छेको लागि सख्त र कठोर चेतावनी आएको छ र अत्याधिक र निकृष्टतम् दण्डबाट चेतावनी र खबरदार गरिएको छ जुन यस जकातलाई निष्कासित गर्दैन, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَٱلَّذِينَ يَكۡنِزُونَ ٱلذَّهَبَ وَٱلۡفِضَّةَ وَلَا يُنفِقُونَهَا فِي سَبِيلِ ٱللَّهِ فَبَشِّرۡهُم بِعَذَابٍ أَلِيمٖ ٣٤ يَوۡمَ يُحۡمَىٰ عَلَيۡهَا فِي نَارِ جَهَنَّمَ فَتُكۡوَىٰ بِهَا جِبَاهُهُمۡ وَجُنُوبُهُمۡ وَظُهُورُهُمۡۖ هَٰذَا مَا كَنَزۡتُمۡ لِأَنفُسِكُمۡ فَذُوقُواْ مَا كُنتُمۡ تَكۡنِزُونَ ٣٥ ﴾ التوبة: ٣٤ - ٣٥

अर्थ : र जसले सुन चाँदीका खजाना (एकत्र) गरिराख्दछन् । र अल्लाहको मार्गमा खर्च गर्दैनन्, त उनीहरूलाई कष्टदायक यातनाको समाचार पुऱ्याइदिनुस् । जुन दिन त्यस सम्पत्तिलाई नर्कको

आगोमा तताइन्छ अनि त्यसले उनीहरूका निधार र कोखा र पिठ्यूहरू डामिन्छन् (र भनिनेछ) : “यहि हो जुन तिमीले आफ्नो निम्ति खजाना बनाएर राखेका थियौ त आफ्ना खजानाहरूको स्वाद चाख। ( सूरतुत्तौब: ३४,३५ )

त जुन मालको पनि जकात निष्कासित गरिदैन त्यो खजाना (कन्ज) हो, जसद्वारा प्रलयको दिन त्यसको मालिकलाई यातना दिइन्छ। जस्तो कि यस कुरामा सही हदीस प्रमाणीकरण गरिरहेको छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ कि:

((مَا مِنْ صَاحِبِ ذَهَبٍ وَلَا فِضَّةٍ لَا يُؤَدِّي مِنْهَا حَقَّهَا إِلَّا إِذَا كَانَ يَوْمُ الْقِيَامَةِ صُفِّحَتْ لَهُ صَفَائِحَ مِنْ نَارٍ فَأُحْمِيَ عَلَيْهَا فِي نَارِ جَهَنَّمَ فَيُكْوَى بِهَا جَنْبُهُ وَجَبِينُهُ وَظَهْرُهُ كُلَّمَا بَرَدَتْ أُعِيدَتْ لَهُ فِي يَوْمٍ كَانَ مِقْدَارُهُ خَمْسِينَ أَلْفَ سَنَةٍ حَتَّى يُقْضَى بَيْنَ الْعِبَادِ فَيَرَى سَبِيلَهُ إِمَّا إِلَى الْجَنَّةِ وَإِمَّا إِلَى النَّارِ)) (مسلم)

अर्थ : जुन व्यक्ति पनि सुन चाँदीको मालिक छ अनि त्यो त्यसको निर्धारित जकात निष्कासित गर्दैन भने प्रलयको दिन त्यस माललाई नर्कको आगोमा तताइएर त्यसैबाट त्यसको निधार र कोल्टे (कम्मर) र त्यसको पिठ्युँलाई दागिने छ, अनि त्यो जहिले पनि शीतल हुन्छ भने त्यसलाई पचास हजार दिनको अवधि जतिको लागि तताइनेछ यहाँसम्म कि भक्तहरूको फैसला गरिनेछ अनि त्यो नर्कमा जाने बाटो लाग्छ वा स्वर्गमा जाने बाटो । (मुस्लिम)

अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ती ऊँट बाख्रा र गाईहरूको पनि वर्णन गर्नु भयो जसको जकात निष्कासित गरिदैन र यो खबर दिनु भयो कि त्यसैद्वारा त्यसका मालिकहरूलाई प्रलयको दिन यातना दिइनेछ ।

र नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो पनि प्रमाणित छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

((مَنْ آتَاهُ اللَّهُ مَالًا فَلَمْ يُؤَدِّ زَكَاتَهُ مُثِّلَ لَهُ مَالُهُ يَوْمَ الْقِيَامَةِ شُجَاعًا أَقْرَعَ لَهُ زَبِيبَتَانِ يُطَوَّقُهُ يَوْمَ الْقِيَامَةِ ثُمَّ يَأْخُذُ بِلِهْزِمَتَيْهِ يَعْنِي بِشِدْقَيْهِ ثُمَّ يَقُولُ أَنَا مَالُكَ أَنَا كَنْزُكَ ثُمَّ تَلَا

﴿ وَلَا يَحْسَبَنَّ ٱلَّذِينَ يَبْخَلُونَ بِمَآ ءَاتَىٰهُمُ ٱللَّهُ مِن فَضْلِهِۦ هُوَ خَيْرًا لَّهُم بَلْ هُوَ شَرٌّ لَّهُمْ سَيُطَوَّقُونَ مَا بَخِلُوا۟ بِهِۦ يَوْمَ ٱلْقِيَٰمَةِ وَلِلَّهِ مِيرَٰثُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ وَٱللَّهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ ﴿١٨٠﴾ ﴾)) ( بخاري)

अर्थ : जसलाई अल्लाहले सम्पत्ति प्रदान गरेको छ अनि त्यो त्यसको जकात निष्कासित गर्दैन भने प्रलयको दिन त्यसको त्यो माल यस्तो गंजो सर्प बन्नेछ जसका दुवै दाँत निस्केका हुनेछन्, अनि त्यो सर्प त्यसको घाँटीमा हार झैं झुन्डिने छ र त्यसका दुवै गालका वरिपरिका मासुलाई निचोर्दै भन्नेछ कि म तिम्रो माल र खजाना हूँ । अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले अल्लाहको यस कथनको पाठ गर्नु भयो: “ जुन मानिसहरूलाई जे जति धन सम्पत्ति

अल्लाहले आफ्नो कृपाले प्रदान गरेको छ, तिनले त्यसमा कञ्जूस्यायीलाई आफ्नो हकमा राम्रो नठानुन् बरु (त्यो) तिनको निम्ति अहितकर छ। तिनीहरूले जुन धनमा कञ्जूसी गर्दछन् कियामतको दिन त्यसको तौक (पांग्रा) पहिराइने छन्। आकाशहरू र पृथ्वीको वेरासतको वास्तविक मालिक अल्लाह नै हो। र जुन क्रियाकलाप तिमीले गर्दछौ, अल्लाहलाई राम्री थाहा छ।" ( बुखारी )

**र जकात चार प्रकारका सम्पत्तिहरूमा अनिवार्य हुन्छः**

भूईंबाट उब्जेको अन्न र फलफूलहरूमा। र चरेर आफ्नो पेट पाल्ने जनावर (चौपाया) हरूमा। सुन चाँदीमा। र व्यवसायिक धन समपत्तिहरूमा।

र यी समस्तको एउटा निर्धारित मात्रा छ जसभन्दा कममा जकात अनिवार्य हुँदैन। यसर्थ अन्न र फलफूल यदि पाँच वसकभन्दा कम छ भने त्यसमा जकात छैन। र एक वसक साठी साअ्को हुन्छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको साअ् बमोजिम

। यसर्थ जकातको मात्रा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साअ्द्वारा निर्धारित गरिन्छ गहूँ, जौ, चामल, खजूर, किशमिश... आदिमा जब त्यो ३०० साअ्सम्म पुगोस्, र एक साअ् सामान्य मान्छेको चार पूर्ण अञ्जूलीको हुन्छ (जसलाई वर्तमान आधुनिक तौलमा लगभग दुई किलो पचास ग्रामको भन्न सकिन्छ) । त यदि अन्न वर्षा, नहर, मूल... आदिको पानीद्वारा पैदा भएको होस् बिना कुनै कष्ट र मज्दूरी (पारिश्रमिक) त यस्तो पैदावारमा पूर्ण अन्नको दशौं भाग जकात छ । र यदि त्यसलाई मज्दूरी दिएर वा पैसा खर्च गरेर सिँचाई गरिएको छ जसरी पम्पीसट वा कुनै अरु आधुनिक यन्त्रद्वारा त यस्तो उब्जनमा निस्फे उश्र, अर्थात कुलको बीसौं भाग जकातमा निष्कासित गर्नुपर्छ जस्तोकि हदीसबाट प्रमाणित छ ।

र रह्यो कुरो चरेर पेट पाल्ने गाई, भैंसी, बाखा, ऊँटको जकातको त यसको विस्तृत जानकारी यहाँ गराउन सकिन्न किनकि यसको बारेमा विस्तारले बताउनु पर्छ, यसर्थ यसको बारेमा जानकारीको लागि विद्हरूसित सम्पर्क गर्नु होस्, र यदि यहाँ

हामीले संक्षिप्त वर्णन नगरिरहेको भए यसलाई पनि अवश्य वर्णन गर्ने थिएँ ।

र रह्यो कुरो चाँदीको जकातको नेसाबको ( जकातको लागि निर्धारित मात्राको) त चाँदीको एक सय चालीस मिसकाल ( ५२ तोला) हो, र यसको मात्रा सउदीको दिरहममा ५६ रियाल जतिको हुन्छ ।

र सुनको नेसाब हो २० मिस्‌काल, र यसको मात्रा सउदीमा प्रचलित जनेहमा ११ जनेह र एक तिहाई जनेह हुन्छ र ग्राममा ९२ ग्राम हुन्छ । त यति सुन भएमा पूर्णको चालीसौं भाग अर्थात रुबउल् उश्र जकातमा दिनु अनिवार्य छ । र जससित सुन चाँदी दुवै हुन् वा मात्र एक थरी होस् अर्थात सुन अथवा चाँदी होस्, र नेसाबसम्म पुगिसकेको होस्, र एक वर्षको अवधि त्यसमाथि बितिसकेको होस् भने त्यसलाई त्यसको जकात निष्कासित गर्नु पर्नेछ ।

र मालको नाफा त्यसैसित संलग्न हुन्छ तर त्यसमाथि एक वर्षको अवधि बित्नु आवश्यक छैन, जसरी कि जनावरको बच्चा त्यससित संलग्न र

त्यसको अधीन हुन्छ, यसर्थ नाफाको लागि एक वर्षको अवधि बित्नु आवश्यक छैन ।

र सुन चाँदीको हुकुममा वर्तमानमा प्रचलित रुपैयाँ पनि छ, चाहे त्यो दिनार होस् वा दिरहम, वा डालर होस् वा अरु कुनै मुद्रा । त जब मुद्रा सुन वा चाँदी जति मात्रासम्म पुगोस् जसमा जकात छ र त्यसमाथि एक वर्ष बितोस् त त्यसमा पनि जकात अनिवार्य छ ।

र रुपैयाँ सरह महिलाहरूका अभूषण पनि छन् चाहे ती अभूषण सुनका होउन् वा चाँदीका, चाहे प्रयोगको लागि बनाइएका होउन् वा उधारी दिनुको लागि, जब यो जकातको नेसाबसम्म पुगोस् र तयसमाथि एक वर्षको अवधि पनि बितोस् त त्यसमा पनि जकात निष्कासित गर्नुपर्छ । र यो कथन नै विद्हरूका दुई कथनमध्ये एक सही कथन हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

((مَا مِنْ صَاحِبِ ذَهَبٍ وَلَا فِضَّةٍ لَا يُؤَدِّي مِنْهَا حَقَّهَا إِلَّا إِذَا كَانَ يَوْمُ الْقِيَامَةِ صُفِّحَتْ لَهُ صَفَائِحَ مِنْ نَارٍ فَأُحْمِيَ عَلَيْهَا فِي نَارِ جَهَنَّمَ فَيُكْوَى بِهَا جَنْبُهُ وَجَبِينُهُ وَظَهْرُهُ كُلَّمَا بَرَدَتْ أُعِيدَتْ لَهُ فِي يَوْمٍ كَانَ مِقْدَارُهُ خَمْسِينَ أَلْفَ سَنَةٍ حَتَّى يُقْضَى بَيْنَ الْعِبَادِ فَيَرَى سَبِيلَهُ إِمَّا إِلَى الْجَنَّةِ وَإِمَّا إِلَى النَّارِ)) (مسلم)

अर्थ : जुन व्यक्ति पनि सुन चाँदीको मालिक छ अनि त्यो त्यसको निर्धारित जकात निष्कासित गर्दैन भने प्रलयको दिन त्यस माललाई नर्कको आगोमा तताइएर त्यसैबाट त्यसको निधार र कोल्टे (कम्मर) र त्यसको पिठ्युँलाई दागिने छ, अनि त्यो जहिले पनि शीतल हुन्छ भने त्यसलाई पचास हजार दिनको अवधि जतिको लागि तताइनेछ यहाँसम्म कि भक्तहरूको फैसला गरिनेछ अनि त्यो नर्कमा जाने बाटो लाग्छ वा स्वर्गमा जाने बाटो । (मुस्लिम)

र यो पनि प्रमाणित छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा महिलाको हातमा सुनका

दुई कंगन हेर्नु भयो त त्यससित सोध्नु भयो कि के तिमी यसको जकात निकाल्दछौ त त्यस महिलाले भनिन्: म यसको जकात निकाल्दैन । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो के तिमीलाई यो राम्रो लाग्छ कि यी दुवैको साटोमा अल्लाह प्रलयको दिन तिमीलाई आगोको कंगन लगाओस्, अनि त्यस महिलाले भनिन्: यो अल्लाह र अल्लाहको रसूललाई अर्पण गर्दछु। (यस हदीसलाई अबू दाऊद र नेसाईले सही सनदको साथ वर्णन गरेका छन्)

र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हासित प्रमाणित छ कि उहाँ सुनका केही अभूषणहरू लगाएका थिइन्, अनि उहाँले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधिन कि के यो खजाना हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यदि त्यसमध्ये जुन जकातको नेसाबसम्म पुगिसकेको छ र त्यसको जकात निष्कासित गरिन्छ भने त्यो खजाना होइन । अर्थात यस्तो अभूषण होइन जसद्वारा अल्लाह यातना दिनेछ । र यस बाहेक अरु हदीसहरू यसै कुरालाई प्रष्ट गर्छन् ।

र रह्यो कुरो व्यापारिक र व्यवसायिक सरसामानहरूको जुन खरिद विक्रीको लागि तयार गरिन्छ, त यस्ता सरसामानलाई एक वर्ष बिते पश्चात आँकलन गरिन्छ, अनि यदि त्यो जकातको नेसाबसम्म पुगिसकेको छ भने कूल सम्पत्तिको चालीसौं भाग वा त्यस बराबरको मूल्य रुपैयाँ आदि निष्कासित गर्नु पर्नेछ चाहे त्यो मूल्य अधिक होस् वा कम । किनकि हजरत समुरह रजिअल्लाहो अन्होको हदीसमा छ कि:

((كان رسول الله صلى الله عليه وسلم يأمرنا أن نخرج الصدقة من الذي نعده للبيع.)) ( أبو داؤد)

अर्थ : हामीले व्यापारको लागि तयार पारेका सरसामानहरूमा रसूल सल्लल्लाहो अलैहे वसल्लम जकात निष्कासित गर्ने आदेश गर्थे । ( अबू दाऊद)

र यस अन्तर्गत ती समस्त जमिन, स्मार्क, घर, गाडी, र मशीनहरू, पानी तान्ने मशीनहरू पनि आउँछन् जसलाई विक्री गर्ने उद्देश्यले तयार गरिन्छ । र रह्यो ती घर... आदिको कुरो जसलाई भाडामा

दिने उद्देश्यले निर्माण गरिन्छ त त्यसको भाडाको पैसामा जकात छ यदि त्यो जकातको नेसाबसम्म पुगोस् र त्यसमाथि एक वर्षको अवधि पनि बितोस्। तर त्यस घरमाथि कुनै जकात छैन किनकि त्यसलाई विक्री गर्ने उद्देश्यले निर्माण गरिएको होइन। र यस्तै आफ्नो विशेष प्रयोगको लागि गाडी, घर ... आदिमा कुनै जकात छैन। र यस्तै भाडामा चल्ने गाडीहरूमाथि पनि जकात छैन जबकि त्यो विक्री गर्ने उद्देश्यले नकिनिएको होस्, किनकि त्यसको मालिकले त्यसलाई आफ्नो व्यक्तिगत प्रयोगको लागि किनेको छ। तर जब गाडीको मालिकसित भाडाको यति राशि जम्मा भइहालोस् जुन जकातको नेसाबसम्म पुगोस् र त्यस राशिमाथि एक वर्ष पनि बितोस् भने त्यस राशिमाथि जकात छ चाहे त्यो राशि विवाह गर्ने उद्देश्यले वा व्यापार र व्यवसाय गर्ने उद्देश्यले वा श्रृण तिर्ने उद्देश्यले एकत्रित गरिएको होस्, किनकि यसबारे वैधानिक प्रमाणहरू सामान्य छन् त्यसमा कुनै बन्देज वर्णित छैन। र श्रृणको बारेमा विद्‌हरूको सही कथन यो नै

हो कि श्रृण जकात निष्कासित गर्नुमा कुनै बाधक हुँदैन ।

र यस्तै टुहुरो र अनाथ एवं दिमागी संतुलन खराब भएका रोगी र पागन बहुलहाहरूको मालमा पनि जकात अनिवार्य छ अधिकांश विद्हरूको दृष्टिमा । त तिनीहरूका सरपरस्तहरूमाथि उनीहरूको तर्फबाट उनीहरूको मालबाट जकात निष्कासित गर्नु अनिवार्य छ जब त्यो नेसाबसम्म पुगिसकेको होस्, र एक वर्षको अवधि पनि बितिसकेको पनि होस् । यसबारे सामान्य प्रमाणहरू वर्णित भएको कारण, जस्तोकि हदीसे मुआजमा छ जब उहाँलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले यमनतर्फ पठाएका थिए अनि भनेका थिए:

((إن الله افترض عليهم صدقة في أموالهم تؤخذ من أغنيائهم وترد في فقرائهم.))

अर्थ : अल्लाहले उनीहरूको मालमा उनीहरूमाथि जकात अनिवार्य गरेको छ, जुन उनीहरूका

समृद्धहरूबाट लिएर उनीहरूका निर्धनहरूमाथि फर्काइनेछ ।

र जकात अल्लाहको हक हो, यसलाई कुनै यस्तो मान्छेलाई दिनु उचित छैन जुन यसको अधिकारी र हकदार नहोस्, नत मान्छे त्यसद्वारा आफ्नो व्यक्तिगत लाभ नै प्राप्त गरोस् नत त्यसद्वारा आफ्नो कष्ट र हानिलाई हटाउने प्रयत्न गरोस्, नत त्यसद्वारा आफ्नो माललाई नै सुरक्षित गरोस्, नत त्यसद्वारा आफूमाथिबाट कुनै विपत्ति र कष्ट हटाओस् । बरु मुसलमानमाथि अनिवार्य छ कि जकातलाई त्यसका अधिकारीहरूमा वितरण गरोस्, नकि कुनै आर्को उद्देश्यले वितरण गरोस् र कसैलाई देओस् जुन त्यसका अधिकारी होइनन् । बरु पूर्ण निष्ठा र ईमानदरीको साथ मात्र अल्लाहको प्रसन्नता पाउने उद्देश्यले यसलाई वितरण गरोस्, ताकि त्यसको दायित्व पनि पूर्ण भइहालोस्, र यसको राम्रो प्रतिफल पनि पाओस् ।

र अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा यसका अधिकारीहरूको वर्णन यसरी गरेको छः

﴿ إِنَّمَا ٱلصَّدَقَٰتُ لِلۡفُقَرَآءِ وَٱلۡمَسَٰكِينِ وَٱلۡعَٰمِلِينَ
عَلَيۡهَا وَٱلۡمُؤَلَّفَةِ قُلُوبُهُمۡ وَفِي ٱلرِّقَابِ وَٱلۡغَٰرِمِينَ وَفِي
سَبِيلِ ٱللَّهِ وَٱبۡنِ ٱلسَّبِيلِۖ فَرِيضَةٗ مِّنَ ٱللَّهِۗ وَٱللَّهُ عَلِيمٌ
حَكِيمٞ ٦٠ ﴾ التوبة: ٦٠

अर्थ : सद्क़ा (विशेष किसिमको दान, धर्मदाय) मात्र ग़रिब, र निमुखाहरूको निम्ति हुन्, र जो यस कामका लागि नियुक्त गरिएका हुन् र उनीहरूको लागि जसका हृदयलाई आकृष्ट गर्नु र रिझाउनु अभिष्ट हुन्छ र दासहरूलाई मुक्त गराउनुमा र ऋणिहरूको ऋण तिर्नलाई र अल्लाहको बाटोमा र यात्रीहरूको सहायताको निम्ति । यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो । अल्लाह सबैकुरा जान्नेवाला, अत्यन्त तत्वदर्शी छ । ( सूरतुत्तौबा ६० )

र अल्लाहले यस श्लोकलाई आफ्नो दुई महान नामहरूद्वारा समाप्त गरेको कारण यो हो कि

भक्तहरूलाई यो कुरो ज्ञात रहोस् कि महान अल्लाह भक्तहरूका अवस्थाहरूबारे पूर्णरूपले अवगत छ, र त्यसलाई राम्ररी थाहा छ कि को जकातको हकदार छ र को हकदार छैन, र त्यो महान अल्लाह यस विधानलाई अविष्कार गर्नुमा पूर्ण तत्वदर्शी छ । यसर्थ मान्छे यस जकातलाई त्यतै बितरण गरोस् जुन त्यसको लागि उचित छ र विधानद्वारा तोकिएको छ, यद्यपि त्यसको तत्वदर्शिता र रहस्य केही मानिसहरूमाथि सुदर्शित नहोस्, ताकि अल्लाहका भक्तहरू यस इस्लामीय विधानको तत्वदर्शिताबाट सन्तुष्ट भई त्यसका आदेशहरूको पालना गरुन् र त्यसलाई अर्पण गरेर नतमस्तक भइहालुन् ।

र अल्लाहसित यो याचना छ कि अल्लाह हामीलाई र समस्त मुसलमानहरूलाई आफ्नो धर्मको बारेमा बुझ्ने शक्ति प्रदान गरोस्, र ती कार्यहरूतर्फ अग्रसर हुने सुअवसर प्रदान गरोस् जुन त्यसलाई प्रसन्न गरिदेओस्, र ती समस्त कुराहरूबाट हामी सबैलाई सुरक्षित राखोस् जुन त्यसको यातनाको

कारण बन्नसक्छन् त्यो अति निकट र समस्त याचनालाई सुन्नेवाला छ ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

# दोस्रो पत्रिका

## रमजानको व्रत र तरावीह एवं त्यससित संलग्न केही महत्वपूर्ण समस्याहरूको वर्णनमा जसबारे कदाचित केही मुसलमानहरू अनभिज्ञ हुन्छन् ।

अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाजको तर्फबाट समस्त ती मुसलमानहरूको लागि जुन हामी झैं आस्थावान छन्, र जुनसुकै मुसलमानहरूसम्म यो पत्रिका पुगोस् । र अल्लाह हामीलाई र उनी सबै मुसलमानहरूलाई कुरआन र हदीसलाई बुझ्ने शक्ति प्रदान गरोस् (आमीन)

अल्लाहको शान्ति र दया तपाई सबैमाथि अवतरित होस् । यो संक्षिप्त उपदेश हो जुन रमजानको व्रत र त्यसमा कायम गरिने नमाज र त्यसमा अग्रसरता देखाउनेहरूको श्रेष्ठताको बारेमा छ, र यसको साथै यससित संलग्न महत्वपूर्ण समस्याहरूलाई पनि यसमा समाविष्ट गरिएको छ जसबारे अधिकांश मुसलमानहरूलाई ज्ञान हुँदैन ।

हदीसद्वारा यो प्रमाणित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो साथीहरूलाई रमजानको आगमनको शुभ अवसरमा बधाई दिन्थे, र उनीहरूलाई यो शुभसमाचार सुनाउँथे कि यो त्यो महिना हो जसमा दया र स्वर्गको ढोका खोलिन्छ, र नर्कका ढोकाहरू बन्द गरिन्छ थुनिन्छ, र शैतानहरूलाई बन्दी बनाइन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

عن أبي هريرة رضي الله عنه أن النبي صلى الله عليه وسلم قال :" إذا كان أول ليلة من شهر رمضان صفدت الشياطين ومردة الجن ، وغلقت أبواب النار فلم يفتح منها باب ، وفتحت أبواب الجنة فلم يغلق منها باب ، وينادى مناد كل ليلة : يا باغي الخير أقبل ويا باغي الشر أقصر ، ولله عتقاء من النار وذلك كل ليلة " (أخرجه أحمد فى المسند حديث رقم (18438) ، وأخرجه البيهقى فى شعب الإيمان – فضائل شهر رمضان حديث

رقم (3439) وصححه الألباني في صحيح الترغيب والترهيب حديث رقم (998)

अर्थ : अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : जब रमजानको पहिलो रात्री आउँछ त शैतान र उपद्रवी जिन्नहरूलाई जन्जीरद्वारा बाँधिन्छ, र नर्कका ढोकाहरूलाई थुनिन्छ, र त्यसको कुनै ढोका खुलेको अवस्थामा हुँदैन, र स्वर्गका ढोकाहरू खोलिन्छन्, त कुनै ढोका बन्द गरिदैन, र प्रत्येक रात्री एउटा पुकार्नेवाला पुकार्छ कि हे भलाइलाई खोज्नेवालाहरू भलाई गर, र हे बुराई गर्नेवालाहरू बुराईलाई त्याग, र प्रत्येक रात्री अल्लाह नर्कबाट मुक्ति प्रदान गर्छ । ( मुसनद अहमद हदीस नं. १८४३८, बैहकी हदीस नं. ३४३९, र अल्बानीले यस हदीसलाई सही भन्नु भएको छ हेर्नुस् : सहीहुत्तरगीब वत्तरहीब हदीस नं. ९९८ )

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

((جاءكم شهر رمضان شهر بركة، يغشاكم الله فيه، فيتزل الرحمة ويحط الخطايا ويستجيب الدعاء، ينظر الله إلى تنافسكم فيه فيباهي بكم ملائكته، فأروا الله من أنفسكم خيراً، فإن الشقي من حرم فيه رحمة الله))

अर्थ : तिमीहरू समक्ष रमजानको महिना आयो यस्तो कल्याणको महिना जसमा अल्लाह आफ्ना भक्तहरूमाथि अपार अनुग्रह अवतरित गर्छ, यसर्थ आफ्नो अनुग्रहलाई अवतरित गर्छ र त्रुटिहरूलाई क्षमा गर्छ, र याचनाहरूलाई कबूल र स्वीकार गर्छ, र अल्लाह तिम्रो सुकार्यहरूतर्फ अग्रसरता र प्रतिस्पर्धालाई हेरेर त्यसलाई आफूनिकट भएका फरिश्ताहरूसित गर्वले वर्णन गर्छ, त हे मानिसहरू अधिकतम सुकार्यहरू गरेर अल्लाहलाई देखाऊ, किनकि वास्तवमा अभागी त्यो नै छ जुन यस महिनामा पनि अल्लाहको दयाबाट वंचित रह्यो ।

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

((من صام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه، ومن قام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه، ومن قام ليلة القدر إيماناً واحتساباً غفر له ما تقدم من ذنبه.))

अर्थ : जसले रमजान महिनाको व्रत ईमानको अवस्थामा र पुण्यको आशाले बस्छ, त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ। र जसले रमजान महिनाको रात्रीमा कयाम गर्छ (नमाजको आयोजना गर्छ) ईमानको अवस्थामा र पुण्यको आशाले त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ । र जसले कदरको रात्रीमा (सम्मानित रात्रीमा) कयाम गर्छ ईमानको अवस्थामा र पुण्यको आशाले त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ ।

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

يقول الله عز وجل: ((كل عمل ابن آدم له الحسنة بعشر أمثالها إلى سبعمائة ضعف إلا الصيام فإنه لي وأنا أجزي به، ترك شهوته وطعامه وشرابه من أجلي، للصائم فرحتان: فرحة عند فطره وفرحة عند لقاء ربه، ولخلوف فم الصائم أطيب عند الله من ريح المسك.))

अर्थ : महान अल्लाहको भनाई छ कि: आदमको सन्तानको समस्त सुकर्म त्यसैको लागि हो त्यसको प्रतिफल त्यसलाई दशगुनादेखि सात सय गुनासम्म गरेर दिइन्छ व्रत बाहेक, किनकि यो व्रत मात्र मेरो लागि हो र म नै यसको उचित प्रतिफल दिनेछु, मेरो भक्तले मेरो प्रसन्नता पाउनको लागि खानपान र भोगविलासलाई त्याग्यो, यसर्थ व्रतालुको लागि दुई प्रसन्नता छन्: एउटा जब त्यो इफ्तार गर्छ, र आर्को जब त्यो आफ्नो प्रतिपालकसंग साक्षात्कार गर्नेछ। र व्रतालुको मुखबाट निस्कने दुर्गन्ध अल्लाह निकट मुस्क सुगन्धभन्दा अधिक सुगन्धित छ।

र रमजानको व्रत र त्यसमा पढिने नमाजको श्रेष्ठतामा अत्याधिक हदीसहरू वर्णित छन् ।

यसर्थ मुसलमानहरूलाई चाहियो कि यस सुअवसरलाई आफ्नो भाग्यमानी मानेर यसबाट लाभ उठाउन्, र यो अवसर हो रमजान महिना जसद्वारा अल्लाहले त्यसमाथि आफ्नो अनुग्रहको वर्षा गर्छ । यसर्थ भक्तलाई चाहियो कि सुकर्म गर्नुमा अग्रसरता देखाओस् र ती कार्यहरूलाई गर्नुमा व्यस्त रहोस् जुन त्यसमाथि अनिवार्य गरिएको छ जसमध्ये पाँचौं बखतको नमाज पनि हो, जुनकि इस्लामको मूल आधार हो, र मूलमन्त्र पश्चात सबैभन्दा ठूलो अनिवार्य कार्य हो । यसर्थ समस्त मुसलमान महिला पुरुषमाथि यसलाई त्यसको नियमित समयमा पूर्ण शान्ति श्रद्धा नम्रता र भद्रताको साथ कायम गर्नु अति आवश्यक छ ।

र मानिसहरूमाथि त्यसको अनिवार्यतामध्ये यो पनि हो कि त्यसलाई (नमाजलाई) मस्जिदमा गएर सामूहिक तौरले पढुन् आयोजित गरुन्, जसमा अल्लाहको महनता र गुणगान गर्ने आदेश छ जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَأَقِيمُوا۟ ٱلصَّلَوٰةَ وَءَاتُوا۟ ٱلزَّكَوٰةَ وَٱرْكَعُوا۟ مَعَ ٱلرَّٰكِعِينَ ﴿٤٣﴾ ﴾ البقرة: ٤٣

अर्थ : र, नमाज़ पढ्नेगर र जकात (दान) दिनेगर र ढोग्नेहरूसँग ढोग्नेगर । (सूरतुल् बकर: ४३)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ حَـٰفِظُوا۟ عَلَى ٱلصَّلَوَٰتِ وَٱلصَّلَوٰةِ ٱلْوُسْطَىٰ وَقُومُوا۟ لِلَّهِ قَـٰنِتِينَ ﴿٢٣٨﴾ ﴾ البقرة: ٢٣٨

अर्थ : सबै नमाजहरू विशेषगरी बीचको नमाज सुचारुरूपले सम्पन्न गर्दैगर र अल्लाहको अगाडि आदर साथ उभिने गर । (सूरतुल् बकर: २३८)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ قَدْ أَفْلَحَ ٱلْمُؤْمِنُونَ ﴿١﴾ ٱلَّذِينَ هُمْ فِى صَلَاتِهِمْ خَـٰشِعُونَ ﴿٢﴾ وَٱلَّذِينَ هُمْ عَنِ ٱللَّغْوِ مُعْرِضُونَ ﴿٣﴾ وَٱلَّذِينَ هُمْ

لِلزَّكَوٰةِ فَـٰعِلُونَ ﴿٤﴾ وَٱلَّذِينَ هُمْ لِفُرُوجِهِمْ حَـٰفِظُونَ

﴿٥﴾ إِلَّا عَلَىٰٓ أَزْوَٰجِهِمْ أَوْ مَا مَلَكَتْ أَيْمَـٰنُهُمْ فَإِنَّهُمْ

غَيْرُ مَلُومِينَ ﴿٦﴾ فَمَنِ ٱبْتَغَىٰ وَرَآءَ ذَٰلِكَ فَأُو۟لَـٰٓئِكَ هُمُ

ٱلْعَادُونَ ﴿٧﴾ وَٱلَّذِينَ هُمْ لِأَمَـٰنَـٰتِهِمْ وَعَهْدِهِمْ رَٰعُونَ

﴿٨﴾ وَٱلَّذِينَ هُمْ عَلَىٰ صَلَوَٰتِهِمْ يُحَافِظُونَ ﴿٩﴾ أُو۟لَـٰٓئِكَ

هُمُ ٱلْوَٰرِثُونَ ﴿١٠﴾ ٱلَّذِينَ يَرِثُونَ ٱلْفِرْدَوْسَ هُمْ فِيهَا

خَـٰلِدُونَ ﴿١١﴾ ﴾ المؤمنون: ١ - ١١

अर्थ : निःसन्देह ईमानवालाहरू सफल भइहाले, जसले आफ्नो नमाज़मा विनम्रता अपनाउँछन् । र जो अनर्गल कुराहरूबाट पन्छिन्छन्, र जो ज़कात दिन्छन् । र जो आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्दछन् । तर आफ्नो पत्नीहरू र आफ्नो अधीनस्थ दासी स्वास्नीहरूसँग सम्बन्ध राख्दा उनीहरू निन्दनीय छैनन् । जो कोही यस बाहेक अरु केही चाहन्छन्

त्यस्ता मानिसहरू सीमाको उल्लघंन गर्नेवाला हुनेछन् । र जसले आफ्ना अमानतहरू (नासो) र आफ्नो प्रतिज्ञाको रक्षा गर्दछन् । र जसले आफ्नो नमाज़हरूको रक्षा गर्दछन् । यी नै (मानिसहरू) वारिस हुनेछन् । जसले स्वर्गको (फिर्दौसको) वारिस हुनेछन् । र त्यसमा सधैं रहनेछन् । (सूरतुल् मूमिनून १-११ )

र नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

((العهد الذي بيننا وبينهم الصلاة فمن تركها فقد كفر.))

अर्थ : हामीहरू र काफिरहरूबीच भिन्न गर्ने कुरा नमाज नै हो, यसर्थ जसले नमाजलाई त्याग्यो त्यो काफिर भयो ।

र नमाज पश्चात सर्वोत्कृष्ट अनिवार्य कार्य जकात दिनु हो, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ
وَيُقِيمُواْ ٱلصَّلَوٰةَ وَيُؤۡتُواْ ٱلزَّكَوٰةَۚ وَذَٰلِكَ دِينُ ٱلۡقَيِّمَةِ ٥

﴾ البينة: ٥

अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन। र निष्ठाका साथ नमाज़ पढुन् र ज़कात देउन् र यही नै सबैको साँचो धर्म हो। (सूरतुल् बैयिना ५)

र आर्को श्लोकमा अल्लाहको फर्मान छः

﴿ وَأَقِيمُواْ ٱلصَّلَوٰةَ وَءَاتُواْ ٱلزَّكَوٰةَ وَأَطِيعُواْ ٱلرَّسُولَ
لَعَلَّكُمۡ تُرۡحَمُونَ ٥٦ ﴾ النور: ٥٦

अर्थ : र नमाज़ पढिराख र ज़कात दिदैगर र अल्लाहको पैग़म्बरको आदेश अनुसार हिंड्ने गर ताकि तिमीमाथि कृपा गरियोस्। ( सूरतुन्नूर ५६)

र अल्लाहको पवित्र ग्रन्थ कुरआन र रसूल सल्लल्लाहो अलैहे वसल्लमका सही हदीसहरूद्वारा यस कुरामा प्रमाणीकरण छ कि जसले आफ्नो मालको जकात दिदैन त्यसलाई प्रलयको दिन त्यसै मालद्वारा सजाय दिइनेछ ।

र नमाज एवं जकात पश्चात अनिवार्य कार्यहरूमा सर्वोत्कृष्ट अनिवार्य कार्य रमजान महिनाको व्रत बस्नु हो, जुन इस्लामका प्रमुख पाँच आधारहरूमध्ये एक हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथन बमोजिम:

((بني الإسلام على خمس : شهادة أن لا إله إلا الله ، وأن محمدا رسول الله ، وإقام الصلاة ، وإيتاء الزكاة ، وحج البيت ، وصوم رمضان)) ( رواه البخاري ومسلم )

अर्थ : इस्लामको जग पाँच कुराहरूमाथि आधारित छः लाइलाहा इल्लल्लाह एवं मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु (साक्ष्य बस्नु), र नमाज कायम गर्नु, र धर्मदाय दिदैरहनु, र बैतुल्लाहको हज्ज गर्नु, र रमजान महिनाको व्रत बस्नु । (बुखारी, मुस्लिम)

र भक्तमाथि यो पनि अनिवार्य छ कि त्यसको व्रत समस्त वर्जित कुराहरूबाट स्वच्छ र पवित्र रहोस्, किनकि व्रतको उद्देश्य हो अल्लाहको आज्ञापालन गर्नु र त्यसका सीमाहरूको सम्मान गर्नु, र आफ्नो जीउ र आत्मासित कुकर्महरू विरुद्ध युद्ध गर्नु, र त्यसलाई अल्लाहको आज्ञापालनतिर लगाउनु, र त्यसलाई अल्लाहको आज्ञापालनको बानी बसाल्नु, र अल्लाहले निर्धारित गरेका सीमाहरू र वर्जित गरेका कार्यहरूबाट टाढा राख्नु, र त्यसमा आउने कष्टहरूमाथि धैर्यताको बानी बसाल्नु....आदि ।

र व्रत बस्नुको उद्देश्य मात्र खानपान आदिलाई त्याग्नु होइन, यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

((والصيام جنّة فإذا كان يوم صوم أحدكم ، فلا يرفث ، ولا يصخب، ولا يجهل ، فإن شاتمه أحد أو قاتله ، فليقل : إني صائم)) (بخاري)

अर्थ : व्रत परिधान (ढाल) हो, त जब तिमीमध्येको कोही व्रत बसेको होस् त नत त्यो गाली गरोस् न

कुनै अरु अनुचित र अवैधानिक कुरा गरोस्, र यदि कोही त्यसलाई अनुचित कुरा भनोस् वा त्यससित झगडा गर्न चाहोस् त त्यो त्यससित यो भनोस् कि म व्रत बसेको छु। (बुखारी)

र आर्को सही हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

((من لم يدع قول الزور والعمل به فليس لله حاجة في أن يدع طعامه وشرابه .)) (بخاري)

अर्थ: जुन व्यक्ति अवैधानिक कार्यहरू र अनभिज्ञतापूर्ण गतिविधिहरू र झूठ बोल्नुलाई नत्यागोस् त यस्तो मान्छेको खानपान त्यागने कार्यको (व्रतको) अल्लाहलाई कुनै आवश्यकता छैन। (बुखारी)

त स्पष्ट यो भयो कि व्रतालुमाथि यो अनिवार्य छ कि त्यो ती समस्त कुराहरूबाट बाँचोस् जसलाई अल्लाहले वर्जित गरेको छ, र ती समस्त कार्य कुराहरूलाई कार्यन्यवनमा ल्याओस् जुन त्यसमाथि अनिवार्य गरेको छ। त यस्तो गर्नाले नै यो आशा

गर्न सकिन्छ कि त्यसलाई क्षमादान मिल्नेछ, र त्यसलाई नर्कबाट स्वतन्त्रता मिल्छ, र त्यसको नमाज र व्रत स्वीकार गरिन्छ ।

## यसबारे केही यस्ता कुराहरूको वर्णन जसबारे अधिकांश मानिसहरू अनभिज्ञ हुन्छन्:

ती कुराहरूमध्ये केहीलाई निम्नमा वर्णन गरिन्छ:

त्यसमध्ये यो पनि हो कि मान्छेमाथि अनिवार्य यो छ कि त्यो ईमान र प्रतिफलको आशाले व्रत बसोस्, नकि आडम्बर गर्नुको लागि, वा अरुलाई हेरेर त्यसको अनुशरण गर्नुको लागि, वा आफ्नो परिवार वा देशका मानिसहरूको अनुशरण गर्नुको लागि । बरु त्यसमाथि अनिवार्य यो छ कि त्यसलाई व्रत बस्नुमाथि प्रोत्साहित गर्नेवाला त्यसको ईमान र आस्था होस् कि त्यसमाथि अल्लाहले यस व्रतलाई अनिवार्य गरेको छ, यसर्थ त्यसद्वारा आफ्नो प्रतिपालकको प्रतिफलको अभिलाशी होस् ।

र यस्तै रमजान महिनामा स्तुति र नमाजको आयोजना मात्र अल्लाहको प्रसन्नता पाउने उद्देश्यले त्यसमाथि पूर्ण आस्थाको साथ गरोस् नकि कुनै कारणलेगर्दा । र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ:

((من صام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه، ومن قام رمضان إيماناً واحتساباً غفر له ما تقدم من ذنبه، ومن قام ليلة القدر إيماناً واحتساباً غفر له ما تقدم من ذنبه.))

अर्थ : जसले रमजान महिनाको व्रत ईमानको अवस्थामा र पुण्यको आशाले बस्छ, त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ। र जसले रमजान महिनाको रात्रीमा कयाम गर्छ ईमानको अवस्थामा र पुण्यको आशाले त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ। र जसले कदरको रात्रीमा (सम्मानित रात्रीमा) कयाम गर्छ ईमानको अवस्थामा र पुण्यको आशाले त त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ।

र जुन कुराहरूको हुकुमबारे केही मानिसहरू अनभिज्ञ हुन्छन् तीमध्ये यो पनि हो कि कुनै मान्छेलाई वान्ता आओस्, वा त्यसको मुखभित्र धुलो वा अलिकति पानी वा थुक वा पेट्रोल बिना इच्छा भित्रियोस् त यी समस्तद्वारा त्यसको व्रत भंग हुँदैन

। तर जुन व्यक्ति जानीजानी यसलाई गर्छ जसरी जानीबुझिकन् वान्ता (उल्टी) गर्छ, त त्यसको व्रत भङ्ग भइहाल्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

((من ذَرَعَهُ القيءُ، فلا قضاء عليه, ومَن استقاء، فعليه القضاء))

अर्थ : जसलाई त्यस्तै वान्ता आउँछ त्यसमाथि कुनै कजा छैन, तर जसले जानेर वान्ता गर्छ त्यसलाई त्यस व्रतको कजा गर्नु पर्नेछ ।

र यस्तै कतिपय मानिसहरू वीर्यपतन वा स्वपनदोष भएमा फज्र उदय हुनुसम्म स्नान गर्नुमा विलम्ब गरिदिन्छन्, र यस्तै समस्या रजस्वला र सुत्केरीको अवस्थामा भएकी महिलाहरूको लागि पनि उत्पन्न हुन्छ अर्थात उनी पनि स्नान गर्नुमा फज्र उदयसम्म विलम्ब गर्दछिन्, त यदि यी महिलाहरूलाई यो यकीन भइहालोस् कि उनी फज्र उदय हुनुभन्दा अघि नै रजस्वला वा सुत्केरीको रगतबाट पवित्र भइसकेका छिन् त स्नानलाई फज्र उदय हुने

समयसम्मको लागि विलम्ब गर्नुमा कुनै आपत्ति छैन, तर सूर्य उदयसम्म विलम्ब गर्नु दुरुस्त छैन, बरु स्वपनदोषी र सुत्केरीको रगत अथवा रजस्वलाबाट पवित्र भएकी महिलामाथि यो अनिवार्य छ कि स्नान गरेर सूर्य उदय हुनुभन्दा अगावैं नै फज्रको नमाजको आयोजना गरोस् । र ठूलो अपवित्रताको अवस्थामा भएका मानिसहरूको लागि पनि यस्तै गर्नु अनिवार्य छ, र यो वैध छैन कि स्नानलाई सूर्य उदय नहुन्जेलको लागि स्थगित गरोस्, र पुरुषहरूको हकमा यो अरु अनिवार्य छ ताकि सामूहिक नमाजमा उपस्थित हुन सकोस् ।

र ती कुराहरूमध्ये जुन व्रतलाई भङ्ग गर्दैनन् रगतलाई जाँच गराउनु, र इन्जेक्शन लगाउनु पनि हो जुन तागतको इन्जेक्शन नहोस् । तर यदि यसलाई रातीसम्मको लागि स्थगित गरियोस् भने झन् राम्रो हुन्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

((دع ما يريبك إلى ما لا يريبك))

अर्थ : सन्देहजनक कुरालाई छाडेर त्यो गर जसमा तिमीलाई कुनै शंका सन्देह छैन ।

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

((من اتقى الشبهات فقد استبرأ لدينه وعرضه))

अर्थ : जुन व्यक्ति शंकास्पद कुराहरूबाट बच्यो त्यसले आफ्नो इज्जत सम्मान र धर्म दुवैको रक्षा गर्‍यो ।

र ती कुराहरूको हुकुम जसबारे अधिकांश मानिसहरूलाई ज्ञान हुँदैन त्यसमध्ये हो नमाजमा शान्ति सन्तुष्टि नअपनाउनु , चाहे त्यो नफिली नमाज होस् वा अनिवार्य नमाज । जबकि सही हदीसहरूद्वारा यो प्रमाणित छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले प्रशान्ति र नम्रतालाई नमाजका आधारहरूमध्येका बताएका छन् जसलाई नगरिकन् नमाज नै हुँदैन । त यसको अर्थ हो पूर्ण शान्ति र सदभावको साथ नमाजलाई कायम गर्नु र कुनै

प्रकारको जल्दबाजी नगर्नु यहाँसम्म कि प्रत्येक अंग र जोर्नीहरू अआफ्ना स्थानहरूमा फर्कि जाउन् ।

र कतिपय मानिसहरू रमजानमा तरावीहको नमाजलाई बिना शान्ति सदभाव आयोजित गर्छन् र हतार हतार कागले चौँच मारे झैं त्यसलाई पढछन्, त यस्तो तरिकाले नमाजलाई आयोजित गर्नु अमान्य छ, र यस्तो तरिकाले नमाज पढने मान्छे पापी हुन्छ त्यो पुण्य कदापि पाउन सक्दैन ।

र यस्तै जसको हुकुम अधिकांश मानिसहरूलाई थाहा हुँदैन त्यसमध्ये यो पनि हो कि केही मानिसहरू यस भ्रममा हुन्छन् कि तरावीहको नमाज २० रक्अतभन्दा कममा हुँदैन, र केहीलाई यो भ्रम हुन्छ कि तरावीह ११ रक्अतभन्दा बढी पढ्न सकिन्न । त यस्ताखालका सोचविचार मात्र भ्रम नै हुन् जुन प्रमाणबिहीन र सही प्रमाणहरू विरुद्ध छन् ।

र रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित छ कि रात्रीको नफिली नमाजको कुनै सीमा निर्धारित छैन, बरु प्रमाणित यो छ कि उहाँ

सल्लल्लाहो अलैहे वसल्लम स्वयम् ११ रक्अत वा १३ रकअत पढ्थे, र कहिलेकाहिँ यसभन्दा कम पनि पढ्थे रमजानको महिनामा र त्यस बाहेकका रात्रीहरूमा । र जब रात्रीको नमाजको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधियो त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

((مثنى مثنى فإذا خشي أحدكم الصبح صلى ركعة واحدة توتر له ما قد صلى)) (بخاري, مسلم)

अर्थ : रात्रीको नमाज दुई दुई रक्अत गरेर पढनु पर्छ, अनि जब कसैलाई विहान हुने भय होस् त एक रक्अत पढेर वित्र गरोस् । (बुखारी, मुस्लिम)

अर्थात एक रकअत वित्र पढोस् ।

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले रमजान र त्यस बाहेक कुनै अरु रात्रीको लागि कुनै संख्या निर्धारित गर्नु भएन, र यसै कारण सहाबाहरूले हजरत उमर रजिअल्लाहो अन्होको शासनकालमा कहिले २३ रक्अत पढ्थे त कहिले ११ रक्अत । त

यी समस्त हजरत उमर र सहाबाहरूबाट प्रमाणित छन् हजरत उमरको शासनकालमा ।

र केही सदाचारीहरू त रमजानको महिनामा ३६ रक्अत पनि पढ्ने गर्थे र तीन रक्अतद्वारा वित्र गर्थे । र केही त ४१ रक्अत पढ्थे जस्तोकि शैखुल इस्लाम इब्ने तैमियाले वर्णन गरेका छन्, अनि भनेका छन् किः यसबारे मान्छेलाई स्वतन्त्रा प्राप्त छ, तर उत्कृष्ट कुरो यो नै छ कि मान्छे नमाजमा रुकूअ् ढोग र पाठनलाई लामो पारोस् र रक्अतको संख्यालाई कम गरेर पढोस्, त यस्तो मान्छेको नमाज त्यस मान्छेको नमाजभन्दा श्रेष्ठ हुन्छ जुन अधिक संख्यामा नमाज पढ्छ तर रुकूअ ढोग र पाठनलाई लामो गर्दैन ।

र जसले पनि नबी सल्लल्लाहो अलैहे वसल्लमको जीवनशैली र पद्धतिमाथि न्यायपूर्ण दृष्टि हाल्छ त्यसलाई थाहा भइहाल्छ कि यी समस्त कुराहरूमध्ये ११ रक्अतको कुरो सर्वश्रेष्ठ छ अर्थात ११ रक्अत वा १३ रक्अत पढ्नु नै श्रेष्ठ छ, चाहे रमजानको महिनाका रात्रीहरू होउन् वा त्यस बाहेकका रात्रीहरू, किनकि यो नै रसूल सल्लल्लाहो अलैहे

वसल्लमको पद्धति अनुकूल छ अधिकांश अवस्थाहरूमा । र यस कारण पनि किनकि यसमा नमाज पढनेहरूको लागि सरलता र सुगमता छ र श्रद्धा एवं नम्रता निकट पनि । तर जसले पनि यसभन्दा अधिक रक्अत पढछ त्यसमाथि पनि कुनै आपत्ति छैन, नत यस्तो गर्नुमा कुनै अशुद्धता नै छ ।

र जुन मानिस रमजानको महिनामा यस नमाजलाई सामूहिक तौरले आयोजित गरोस् त्यसको लागि उत्तम यो नै छ कि जबसम्म इमाम नफर्कोस तबसम्म त्यो पनि नजाओस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

((إن الرجل إذا قام مع الإمام حتى ينصرف كتب الله له قيام ليلة))

अर्थ : जब मान्छे इमामको साथ नमाजको आयोजना गर्छ र तबसम्म फर्कदैन जबसम्म इमाम फर्कदैन, त अल्लाह त्यसको लागि पूर्ण रात्रीको नमाज लेखिदिन्छ ।

त यस पवित्र र दयायुक्त महिनामा समस्त मुसलमानहरूको लागि यो नै उचित छ कि यसमा स्तुति गर्नुमा दृढ रहुन्, जसरी नफिली नमाजहरूको आयोजना गरुन्, कुरआनको पाठन गरुन्, अल्लाहको गुणगान गरुन्, र त्यसको महानता र पवित्रताको बखान गरुन्, र प्रमाणित दुआहरूको जाप गरुन्, र सदउपदेश गर्दै रहुन्, र भलाईको आदेश गर्दै रहुन् र बुराई एवं कुकर्मबाट अरुलाई रोक्दै रहुन्, र गरिब विपन्नहरूको हेरचाह गर्दै रहुन्, र बुवा आमाको सेवा सत्कारमा लागिरहुन्, र आफन्तीहरूको हेरचाह गर्दै रहुन्, छिमेकीहरूमाथि उपकार गर्दै रहुन् ..... र जति पनि भलाईका कार्यहरू छन् सबैलाई गर्नुमा अग्रसरता देखाउन् । किनकि अघि नै वर्णित हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन्:

((جاءكم شهر رمضان شهر بركة، يغشاكم الله فيه، فيتزل الرحمة ويحط الخطايا ويستجيب الدعاء، ينظر الله إلى تنافسكم فيه فيباهي بكم ملائكته، فأروا الله من أنفسكم خيراً، فإن الشقي من حرم فيه رحمة الله))

अर्थ : तिमीहरू समक्ष रमजानको महिना आयो यस्तो कल्याणको महिना जसमा अल्लाह आफ्ना भक्तहरूमाथि अपार अनुग्रह अवतरित गर्छ, यसर्थ आफ्नो अनुग्रहलाई अवतरित गर्छ र त्रुटिहरूलाई क्षमा गर्छ, र याचनाहरूलाई कबूल र स्वीकार गर्छ, र अल्लाह तिम्रो सुकार्यहरूतर्फ अग्रसरता र प्रतिस्पर्धालाई हेरेर त्यसलाई आफूनिकट भएका फरिश्ताहरूसित गर्वले वर्णन गर्छ, त हे वमानिसहरू अधिकतम सुकार्यहरू गरेर अल्लाहलाई देखाऊ, किनकि वास्तवमा अभागी त्यो नै छ जुन यस महिनामा पनि अल्लाहको दयाबाट वंचित रह्यो ।

र आर्को हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

((من تقرب فيه بخصلة من خصال الخير كان كمن أدى فريضة فيما سواه, ومن أدى فيه فريضة كان كمن أدى سبعين فريضة فيما سواه))

अर्थ : जसले पनि यस महिनामा (रमजानको महिनामा) कुनै सुकार्यद्वारा अल्लाहको सामीप्यता प्राप्त गऱ्यो त त्यसको पुण्य अनिवार्य कार्य सरह हुनेछ जसलाई त्यो अरु दिनहरूमा गर्छ, र जसले यस महिनामा कुनै अनिवार्य कार्य गऱ्यो भने त्यो त्यस मान्छे सरह भयो जुन यस महिना बाहेक अरु दिनहरूमा सत्तरी अनिवार्य कार्य गरेको होस् ।

र आर्को सही हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

(( عمرة في رمضان تعدل حجة –أو قال– حجة معي))

अर्थ : रमजान महिनामा गरिएको उमरा हज्ज गरे सरह छ, (वा भन्नु भयो कि) मेरो साथमा हज्ज गर्नु सरह छ ।

र यसबारे थुप्रै हदीसहरू वर्णित छन् जसद्वारा यो स्पष्ट हुन्छ कि यस महिनामा भलाई र सुकर्ममा प्रतिस्पर्धा गर्नु र त्यसलाई अत्याधिक संख्यामा गर्नु अति उत्तम र श्रेष्ठताको कार्य हो ।

र मेरो अल्लाहसित याचना छ कि हामीलाई र समस्त मुसलमानहरूलाई ती समस्त कार्यहरूलाई गर्ने सौभाग्य प्रदान गरोस्, जसद्वारा त्यो परम् पूज्य प्रसन्न भइहालोस् । र यो याचना छ कि हाम्रा व्रतहरू र नमाजहरूलाई कबूल गरोस्, र हाम्रो अवस्थाहरूलाई सुधारोस्, र हामी सबैलाई बिगार र कुकर्म एवं उपद्रवबाट बचाओस्, जस्तो कि अल्लाहसित हाम्रो यो याचना पनि छ कि अल्लाह मुसलमानहरूका नायक र अगुवाहरूलाई सुमार्गमा लगाओस् र तिनीहरूका अवस्थाहरूलाई सुधारेर तिनीहरूलाई सत्यपथमा एकमत गरोस् त्यो परम् पूज्य यस कुरामा शक्ति सम्पन्न छ ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

(वैज्ञानिक खोज संस्था तथा आमन्त्रण एवं प्रदर्शन र फतवा संस्थाका अध्यक्ष शैख अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज)

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न.
००९६६५०१३७२२५४

IslamHouse.com